जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २२१ २०७८ साल चैत २१ गते सोमबार (4 Apr. 2022 Monday) मूल्य रु. ५/-

कसैलाई सर्पले टोकिहालेमा

- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : विश्वभर झण्डै आधा... ३ पृष्ठमा : सत्ता गठबन्धनले स्थानीय ... ३ पृष्ठमा :पाकिस्तानी राष्ट्रपतिद्वारा संसद्...

## जसपा अध्यक्ष र मन्त्रीले एकै दिन गरे चार सडकको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

जनता सामाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले एकै दिन सप्तरीका चार वटा सडकको शिलान्यास गरेका छन् ।

आइतबार छुट्टाछुट्टै स्थानमा आयोजना गरिएको शिलान्यास कार्यक्रममा दुबै जनाले संयुक्त रुपमा सडकको शिलान्यास गरेका हुन । राजविराज-दिघवा-बिरौल-झल्ही फर्सैठ-सिंगियोन-तिलाठी, चट्टी टोल-लोखरम-लालापट्टी, महदेवा-पकरी-तोपा-राजविराज र भारदह-डाढा-पकरी-राजविराज दुई लेन सडकको संयुक्त रुपमा शिलान्यास गरिएको हो ।

चारवटै सडकका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक अर्ब भन्दा बढी रकम बिनियोजन गरेको जानकारी दिइएको छ । टेन्डर प्रक्रिया सकिएको उक्त सडकहरुको निर्माण अवधी २४ महिना तोकिएको छ ।

शिलान्यास समारोहको अवसरमा जसपा अध्यक्ष यादवले चारवटै सडक निर्माण कार्य समयमै सम्पन्न भएपछि यहाँको विकासले गति लिने विश्वास व्यक्त गरे । उनले वर्षौंदेखी उपेक्षित र विभेदको शिकार हुँदै अँएका मधेशी, आदिवासी, जनजाती, मुश्लिम लगायतका पिछडिएका वर्गका लागि सडक, शिक्षा र स्वास्थ्यको उचित व्यवस्था हुनुपर्नेमा जोड दिए ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले सडक निर्माण विकासको पूर्वाधार समेत रहेको भन्दै हाल शिलान्यास गरिएका सडक निर्माण कार्य पुरा भएपछि जिल्लाका गाउँ गाउँमा समेत विकासले गति लिने उल्लेख गरे ।

उनले गजेन्द्र नारायण सिंह अस्पतालमा चार सय शैयाको बिस्तारसँगै नवनिर्मित नर्सिङ कलेजबाट आगामी शैक्षिक सत्रदेखी पठनपाठनको व्यवस्था समेत सूचारु हुने जानकारी पनि दिए ।

त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले सडक, शिक्षा र स्वास्थ्य मुख्य तीन विषयनै कुनै पनि मुलुकको विकासको आधार हुने भएकाले यसलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताईन् । उनले सडकहरुको बिस्तारले जिल्लाको कारोबार बढ्न गई आर्थिक चहलपहल समेत बढ्ने र जिल्लाको समग्र विकासमा ठूलो टेवा पुऱ्याउने विश्वास व्यक्त गरिन् ।

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र साह, संघीय सांसद डा. सूर्यनारायण यादव, प्रदेशसभा सदस्य मनिष सुमनको सहभागिता रहेको उक्त कार्यक्रममा जसपाका केन्द्रिय सदस्य अमरनाथ मण्डल, राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, हनुमाननगर कंकालिनी नगरपालिकाकी उपप्रमुख सरिता यादव, जिल्ला अध्यक्ष केदार यादव लगायतको पनि उपस्थिती रहेको थियो ।

## सहकारी दिवसमा प्रभातफेरी तथा अन्तरक्रिया




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

६५ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा आइतबार राजविराजमा प्रभातफेरी तथा अन्तरक्रिया कार्यक्रम गरि मनाइएको छ ।

"मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" नाराका साथ जिल्ला सहकारी संघको आयोजनामा स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको प्रभातफेरी नगर परिक्रममा पश्चात् अन्तरक्रिया कार्यक्रममा परिणत भएको थियो । सो प्रभातफेरीमा जिल्लाका विभिन्न सहकारीकर्मीहरुको सहभागिता रहेको थियो ।

जिल्ला समन्वय समिति सप्तरीको सभाकक्षमा अन्तरक्रियामा परिणत भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंक राजविराज शाखाले गत आर्थिक वर्ष २०७७/०७८ मा उत्कृष्ट कारोवार गर्ने नेपाल सहकारी संस्थाका अध्यक्ष शत्रुधन प्रसाद गुप्ता र सौभाग्य कृषि सहकारी संस्थालाई पुरस्कृत तथा सम्मान गरेको थियो ।

सो अवसरमा राष्ट्रिय सहकारी बैंकका केन्द्रिय अध्यक्ष केबि उप्रेतीले सहकारी नीतिलाई अझ प्रभावकारी ढंगले विकास गर्नु पर्नेमा जोड दिए । उनले सहकारी नीति बनेपनि त्यसको फितलो कार्यान्वयन भइरहेकोले त्यसलाई सबै सहकारी मिलेर अझ प्रभावकारी ढंगले लैजानु पर्ने बताए ।

जिल्ला सहकारी संघका अध्यक्ष बिनोद दत्तको अध्यक्षता तथा राष्ट्रिय सहकारी बैंकका केन्द्रिय अध्यक्ष केबि उप्रेतीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, राष्ट्रिय सहकारी बैंकका संचालक एंव मधेश प्रदेश संयोजक विश्वनाथ मण्डल, राष्ट्रिय सहकारी विकास बोर्डका मधेश प्रदेश सदस्य शम्भु बहादुर खडका, मालपोत कार्यालय सप्तरीका प्रमुख दिपेन्द्र कुमार झा, विषयगत संघका प्रतिनिधि दिपेन्द्र आचार्य, सञ्चारकर्मी सुरेन्द्र प्रसाद गुप्ता, राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादव लगायतका वक्ताहरुले सहकारीको भुमिका विषयमा चर्चा गरेका थिए ।

कार्यक्रममा मूल समारोह समितिका संयोजक सचिन्द्र दासले सहकारीको वर्तमान अवस्था र महत्वबारे कार्यपत्र प्रस्तुत गरेका थिए भने समितिका सदस्य माला कर्णले कार्यक्रम सञ्चालन गरेकी थिइन् । जिल्ला सहकारी संघका बरिष्ठ उपाध्यक्ष भुवन आचार्यले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

## एम्नेस्टीको नयाँ समिति चयन

**दैनिक समाचारदाता**
**काठमाडौं, २० चैत ।**

एम्नेस्टी इन्टरनेसनल नेपालको सम्पन्न ३० औं वार्षिक साधारण सभाबाट दुई वर्षका लागि एम्नेस्टी नेपालको नेशनल बोर्ड र पुनरावेदन समितिको नयाँ

*बाँकी दुई पृष्ठमा*

## प्याबशन सप्तरीद्वारा उपाध्यक्ष झालाई मेयर पदमा समर्थन गर्ने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल ( प्याबशन) सप्तरीले आगामी बैशाख ३० गते हुने स्थानिय निर्वाचनमा राजविराज नगरपालिकाको मेयर पदका लागि उम्मेदवार बन्ने चर्चामा रहेका आफ्ना केन्द्रिय उपाध्यक्ष अनिल कुमार झालाई सर्वसम्मत रुपमा सहयोग गर्ने निर्णय गरेको छ ।

प्याब्शन सप्तरीका अध्यक्ष अरुण कुमार देव र सचिव संजय कुमार शर्माद्वारा संयुक्त रुपमा हस्ताक्षरित विज्ञप्तिमा मेयर पदका उम्मेदबार बन्न लागेका प्याब्शनका केन्द्रिय उपाध्यक्ष झालाई जिल्ला कार्य समितिले

*बाँकी अन्तिम पृष्ठमा*

जन ज्योती कृषि सहकारी संस्था लि.
स्था.-२०६८
मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# स्थानिय र विकासप्रेमीलाई मौका देऊ

स्थानिय तह निर्वाचन जति नजिकिदै छ त्यतिकै राजनीतिक माहोल पनि तातिदै गएको छ । अहिले सम्पूर्ण राजनीतिक दलहरु संगठन बिस्तारदेखी उम्मेदवारहरुको छनौटका लागि दिनरात एक गरिरहेका छन् । उनीहरु जसरी पनि स्थानिय तह आफ्नो पोल्टोमा पार्ने योजना तथा रणनीति तयार गर्न ब्यस्त छन् । योग्य उम्मेदवारको खोजिमा उनीहरु प्रत्येक दिन नगर तथा गाउँहरुमा भेला तथा सभा र पार्टी प्रवेश कार्यक्रमहरुलाई निरन्तरता दिइरहेका छन् । यता सत्ता पक्षका दलहरु विभिन्न विकासीय योजनाहरुलाई कार्यान्वयनका लागि लागिपरेका छन् । विकासीय कार्यहरुको शिलान्यास तथा उद्घाटन गर्न समय दिइरहेका छन् । हुन पनि निर्वाचनको समयमा यस्ता कार्यहरु विगतमा पनि देखिएको थियो ।

स्थानिय तह निर्वाचनलाई मध्यनजर गर्दै राष्ट्रिय दलको मान्यता प्राप्त पार्टीहरु चुनावी रणनीति तयार पार्न विभिन्न खाले चुनावी एजेण्डाहरुलाई अघि सार्दैछन् कसैले विकासको नाममा त कसैले आफ्नो पुराना मुद्दा तथा ऐजेण्डालाई ब्युत्याउने प्रयासमा छन् । हुन त स्थानिय तह निर्वाचनमा व्यक्तिको विशेषलाई जनताले भोट हाल्छन् । यसमा पार्टी भन्दा पनि योग्य व्यक्तिलाई निर्वाचित हुने गरेको परिपाटी बसिआएको छ । यसमा स्थानिय जनताको दुःख, पीडामा सहयोग गर्न तथा सहयोगि भावनाका व्यक्तिलाई उच्च प्राथमिकता राख्ने गरिन्छ ।

तसर्थ कुनै पनि पार्टीले उम्मेदवार चयन गर्दा स्थानिय स्तरमा भिजेका योग्य व्यक्तिलाई चयन गर्नु आवश्यक छ । जसले गर्दा जनताको काम र विकास गर्न खुल्ला ह्दयले गर्न सकोस् । कसैलाई विभेदको दृष्टिकोणले नभएर व्यक्तिलाई पार्टीगत दृष्टिकोण भन्दा माथी उठेर सहयोगि भवनाले हेर्ने व्यक्तिलाई चयन गरोस् । जसले गर्दा स्थानिय तहको विकासका साथै जनताको समस्या पनि उसले बुझ्न सकोस् ।

# विश्वभर झण्डै आधा गर्भाधारण अनिच्छित, विश्वव्यापी संकट : युएनएफपिए

काठमाडौं, २० चैत (रासस) ।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए)ले विश्वभर झण्डै आधा गर्भाधारण अनिच्छित हुने गरेको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गरेको छ ।

'स्टेट अफ वर्ल्ड पपुलेसन २०२२' नामक गत हप्ता सार्वजनिक प्रतिवेदनमा विश्वमा प्रत्येक वर्ष १२ करोड १० लाख महिला तथा किशोरी गर्भाधारणको इच्छा नहुँदानहुँदै पनि गर्भवती हुन बाध्य भइरहेको जनाउँदै युएनएफपिएले यसलाई विश्वव्यापी सङ्कट भनेको छ । उसले हरेक वर्ष विश्व जनसङ्ख्याको स्थितिसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै आएको छ ।

प्रतिवेदनअनुसार गर्भाधारणबाट प्रभावित भएका महिला तथा किशोरीका लागि गर्भवती हुने वा नहुने भन्ने प्रजनन छनोटको विकल्प नै छैन । आफ्नो जीवन नै परिवर्तन गरिदिने गर्भाधारणजस्तो अवस्था पनि उनीहरुको छनोटको पहुँचभन्दा बाहिर देखिएको छ, संयुक्त राष्ट्रसङ्घको यौनिक तथा प्रजनन स्वास्थ्यसम्बन्धी संस्था युएनएफपिएद्वारा जारी प्रतिवेदनमा उल्लेख छ ।

सन् २०२२ को प्रतिवेदन अनिच्छित गर्भाधारणको विषयमा केन्द्रित छ । 'सिइङ द अनसिन : द केश फर एक्सन इन द नेग्लेक्टेड क्राइसिस अफ अनइन्टेन्डेड प्रिग्नेन्सी' शीर्षक दिइएको छ । यस वर्षको सो प्रतिवेदनले मानवअधिकारको क्षेत्रमा देखिएको यस्तो सङ्कटले समुदाय, महिला तथा किशोरी र विश्व स्वास्थ्यमा गम्भीर परिणाम निम्त्याउने चेतावनी दिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सन् २०१७ को तथ्याङ्कानुसार नेपालमा अनुमानित १२ लाख गर्भाधारण भएकामध्ये झण्डै आधा अनिच्छित गर्भाधारण थियो । यसमध्ये करिब तीन लाख ५९ हजारले गर्भपतन गराए । नेपालमा कानुनी मान्यता प्राप्त गरेको गर्भपतनले मातृ मृत्युदर घटाउन महत्वपूर्ण योगदान गरे तापनि अधिकांश गर्भपतन अहिले पनि अदक्ष सेवा प्रदायक वा गर्भवती महिला आफैँले औषधि वा अन्य कुराको प्रयोग गरी गर्ने गरेका छन् ।

सुरक्षित गर्भपतन सेवाका लागि अझै पनि धेरै महिला तथा किशोरीले उल्लेखनीयरूपमा संरचनात्मक तथा अनौपचारिक बाधा व्यवधानको सामना गर्नु परिरहेको छ । "यो प्रतिवेदन एउटा 'वेकअप कल' हो । अनिच्छित गर्भाधारणमा देखिएको यस्तो अप्रत्यासित सङ्ख्याले महिला तथा किशोरीको सामान्य मानवअधिकार प्रवर्द्धनमा विश्व समुदायको असफलताको प्रतिनिधित्व गर्छ", युएनएफपिएका कार्यकारी निर्देशक डा नतालिया कनेम भन्नुहुन्छ, "गर्भाधारणबारे आधारभूत निर्णय गर्ने शक्ति महिला तथा किशोरीकै हातमा सुम्पिएर मात्र समाजले महिला तथा किशोरीका लागि मातृत्व अपरिहार्यता नभएर, चाहना भएको सुनिश्चित गर्न सक्छ ।"

प्रतिवेदनमा विश्वमा गर्भाधारणको चाहना नभएर पनि अनुमानित २५ करोड ७० लाख महिला परिवार नियोजनका सुरक्षित र आधुनिक तरिका प्रयोग गर्दैनन् भन्ने उल्लेख छ । "यसका साथै तथ्याङ्क उपलब्ध भएका ठाउँमा, झण्डै एक चौथाइ विवाहित महिला यौन प्रस्तावलाई नकार्न सक्दैनन् । अनिच्छित गर्भाधारणलाई महिलाको व्यक्तिगत असफलता मात्र भन्न मिल्दैन, यो त समाजले उनीहरुलाई आफ्नै शरीरमाथिको अधिकारमा दिनुपर्ने स्वायत्तताको अभाव वा समाजले थोपर्ने विभेदकारी मूल्य-मान्यताका कारणले गर्दा भएको हुनसक्छ । दिगो विकासका लक्ष्य २०३० ले महिलाको आफ्नो शरीरमाथिको स्वायत्तता र लैङ्गिक समानताका साथै यौन सम्बन्ध, परिवार नियोजनका सामग्री र प्रजनन स्वास्थ्य सेवाका बारेमा जानकारीसहित आफैँले निर्णय गर्न सक्ने महिलाको क्षमताको पहिचान गर्छ जब गर्भाधारणको आधा सङ्ख्या आफ्नो इच्छाबमोजिम हुँदैन, यसले हामीलाई महिलाको प्रजनन स्वतन्त्रताप्रतिको उपेक्षित अवस्थाको डरलाग्दो तस्वीर देखाइदिन्छ", प्रतिवेदनमा भनिएको छ ।

प्रतिवेदनले अनिच्छित गर्भाधारणको सङ्ख्या लैङ्गिक असमानता, कमजोर सामाजिक आर्थिक विकास र महिलाको यौन तथा प्रजनन अधिकारमाथिको अवरोधसँग गहिरोरूपमा अन्तर सम्बन्धित रहेको उजागर गर्छ", प्रतिवेदन सार्वजनिक गर्दै कार्यकारी निर्देशक डा कनेमले भन्नुभयो, "अनिच्छित गर्भाधारणले स्वास्थ्य प्रणालीमा अर्बौं डलरको भार पार्नुका साथै भावी सन्ततिका लागि समेत अझ खराब परिणाम निम्त्याउँछ ।" नेपालमा अधिकांश अनिच्छित गर्भाधारण परिवार नियोजनका आधुनिक सामग्रीको अपरिपूर्त (पूरा हुन नसकेको) मागको परिणाम हो । गर्भाधारण गर्न नचाहने लगभग ४४ प्रतिशत प्रजनन उमेर (१५ देखि ४९ वर्ष)का महिला परिवार नियोजनका आधुनिक विधि प्रयोग गरिरहेका छैनन् । परिवार नियोजनको सेवा विस्तारले महिला तथा उनीहरूको परिवारलाई फाइदा गर्छ । भनिन्छ, परिवार नियोजनको सेवा विस्तारमा खर्च भएको प्रत्येक अतिरिक्त डलरवापत नेपालले मातृ तथा नवजात शिशु स्वास्थ्य क्षेत्रमा दुई डलर बचाउँछ ।

"नेपाल सरकारका सामुन्ने महिलाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको रक्षा तथा परिपूर्ति गर्नुपर्ने दायित्व छ । यसो भन्नुको अर्थ महिलाका लागि छनोटको विकल्पसहितको परिवार नियोजनका सामग्रीको आधुनिक विधिमा महिलाको पहुँच सुनिश्चित गराउनु हो", युएनएफपिएका नेपाल प्रतिनिधि लुब्ना बाकीले भन्नुभयो, "यद्यपि नेपाल अहिले पनि परिवार नियोजनका सामग्रीका लागि सहयोग प्रदान गर्न युएनएफपिएलगायतका बाह्य विकास साझेदारहरूमा निर्भर छ । परिवार नियोजनका सामग्रीले जीवन बचाउँछ र अब नेपालको संविधान र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले गरेको व्यवस्थाबमोजिम सरकारले आधारभूत मानवअधिकारको प्रत्याभूत गर्न आवश्यक बजेट छुट्याउने समय भएको छ ।"

"नेपालमा जन्मदर घटेका कारण परिवार नियोजनमा लगानी गर्न अब आवश्यक छैन भन्ने केही नीति-निर्मातामा रहेको धारणा निकै चिन्तित बनाउने किसिमको छ । किनकि यसले उच्च विन्दुमा रहेको परिवार नियोजनको अपरिपूर्त (पूरा हुन नसकेको) माग, उच्च सङ्ख्यामा रहेको अनिच्छित गर्भाधारण र असुरक्षित गर्भपतनलाई सम्बोधन गर्दैन । परिवार नियोजन सामग्रीको अपरिपूर्त माग अहिले २४ प्रतिशत छ र यी सबै अवस्थाको मूल कारण सेवा प्रवाहमा रहेको कमी नै हो । विपन्न तथा पछाडि पारिएका समूहका महिला तथा किशोरीको अवस्था अझ नाजुक छ", उहाँले भन्नुभयो ।

अझ विशेषगरी किशोरीको अवस्था जोखिमपूर्ण छ । नेपालमा बालविवाह अझै पनि उच्च छ । झण्डै ४१ प्रतिशत किशोरीको विवाह १८ वर्षअगावै भएको छ । किशोरावस्थामा गर्भाधारण गरेका किशोरीमध्ये आधा गर्भाधारण अनिच्छित छ । यसको मुख्य कारण विवाहिता किशोरीमा परिवार नियोजनका सामग्री प्रयोग गर्नेको सङ्ख्या २३ प्रतिशतमात्रै छ । जबकि राष्ट्रिय औषतमा हेर्दा परिवार नियोजनका सामग्री प्रयोग गर्ने महिलाको सम्पूर्ण सङ्ख्या ४३ प्रतिशतसँग छ । विवाहिता किशोरी बच्चा पाउने पारिवारिक दबाबका कारण प्रायः कम उमेरमै आमा बन्छन् । यसले उनीहरू र उनका बच्चालाई उल्लेखनीयरूपमा मृत्यु वा क्षतिको जोखिममा पुऱ्याइदिन्छ । गर्नुपर्ने जिम्मेवारी यो प्रतिवेदनले शान्तिको समय र सङ्कटका बीचमा महिला तथा किशोरीका अधिकांश आधारभूत अधिकार कति सजिलै निष्क्रिय तुल्याइछन् भन्ने देखाउँछ ।

प्रतिवेदनले निर्णयकर्ता र स्वास्थ्य संरचनालाई परिवार नियोजनका सामग्रीको पहुँच, स्वीकार्यता, गुण र विविधतामा सुधार गरी अनिच्छित गर्भाधारणको रोकथामलाई प्राथमिकतामा राख्न र गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा र सूचनामा व्यापक विस्तार गर्न आह्वान गरेको छ ।

प्रतिवेदनले महिला तथा किशोरीलाई यौन, परिवार नियोजनका सामग्री र मातृत्वका सम्बन्धमा साहसिक निर्णय लिन सक्ने बनाउन तथा महिला तथा किशोरीको महत्व चिन्न सक्ने समाजको प्रवर्द्धन गर्न नीति निर्माता, समुदायको नेतृत्व र सम्पूर्ण व्यक्तिलाई अपिल गरेको छ । साथै उनीहरूले त्यसो गरे भने महिला तथा किशोरी समाजमा पूर्ण योगदान गर्न सक्षम हुनेछन् र उनीहरूसँग आफ्नै चाहनाबमोजिम बच्चा पाउने वा नपाउने भन्ने आधारभूत छनोट गर्न सक्ने सीप, सूचना र शक्ति हुने प्रतिवेदनले औँल्याएको छ ।

### एम्नेस्टीको नयाँ ...

नेतृत्व चयन गरेको छ ।

विपिन बुढाथोकीको नेतृत्वमा ११ सदस्यीय नेशनल बोर्ड निर्वाचित भएको भने जीवन प्रसाद फूयालको नेतृत्वमा तीन सदस्यीय पुनरावेदन समितिको गठन भएको छ ।

एम्नेस्टी नेपालको नव निर्वाचित नेशनल बोर्डको कोषाध्यक्ष रोशन बजगाई तथा सदस्यहरु सचिता कुँइकेल, बिमला वाग्ले, मन्जु विश्वकर्मा, केशव पोखरेल, निखिल पोखेल, होम बहादुर अधिकारी, देवेन्द्र सेजुवाल, गरिमा पाण्डे तथा बरूण कुँइकेल रहेका छन् । त्यस्तै पुनरावेदन समितिको सदस्यद्वयमा लक्ष्मी रेग्मी तथा लोकेन्द्र सिंह रहेका छन् ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सत्ता गठबन्धनले स्थानीय तहको निर्वाचनमा तालमेल गर्ने

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २० चैत ।**
मधेस प्रदेशका पालिकाहरूमा पनि चुनावी तालमेल गर्न सत्ता गठबन्धनले स्थानीय तहको निर्वाचनमा तालमेल गर्ने तयारी सुरु गरेका छन् ।

निर्वाचनमा गठबन्धनलाई निरन्तरता दिने सन्दर्भमा सत्ता गठबन्धन सबै प्रदेश अध्यक्षको संयुक्त बैठक आइतबार जनकपुरधाममा बसेको छ ।

बैठकले प्रदेशका सबै स्थानीय तहको समीक्षा गर्ने निर्णय गरेको जसपा मधेस प्रदेशका अध्यक्ष रामबाबु यादवले जानकारी दिए ।

प्रदेशको ८ वटा जिल्लाको गठबन्धन दलको बैठक बसेर प्रत्येक पालिकाको अवस्थाको बारेमा समीक्षा गरेर प्रतिवेदन पेश गर्न सबै जिल्लामा पत्राचार गरिएको उनले बताए ।

जिल्ला स्तरीय गठबन्धनलाई प्रत्येक पालिकाको समीक्षा गरेर मंगलबार २२ गतेसम्म प्रतिवेदन बुझाउन भनिएको अध्यक्ष यादवले बताए । यो प्रतिवेदन आइसकेपछि थप छलफललाई अगाडि बढाउने उनले बताए ।

# निर्वाचन आयोगले आचारसंहिता कार्यान्वयनबारे दलहरूसँग छलफल गर्ने

**दैनिक समाचारदाता**
**काठमाडौं, २० चैत ।**
निर्वाचन आयोगले वैशाखमा हुने स्थानीय तहको चुनावका आचारसंहिता कार्यान्वयनबारे दलहरूसँग छलफल गर्ने भएको छ ।

स्थानीय चुनावका लागि दल दर्ताको निवेदन दिएका दलहरूलाई आयोगले छलफलका लागि बोलाएको हो ।

चैत २२ गते मंगलबार दलहरूका प्रतिनिधिसँग आयोगले आचारसंहिताबारे प्रतिवद्धता लिन लागेको छ ।

आयोगले वैशाख ३० मा हुन गइरहेको निर्वाचनका लागि दलहरूबाट निर्वाचन आचारसंहिता कार्यान्वयनबारे प्रतिवद्धता लिने तयारी गरेको आयोग स्रोतको भनाइ छ ।

गत चैत ३ मै निर्वाचन आचारसंहिता स्वीकृत भई राजपत्रमासमेत प्रकाशित भइसकेको छ ।

स्थानीय चुनावमा भाग लिने ७९ दलका प्रतिनिधिसँग छलफल गरेर आचारसंहिता पालनाको लागि प्रतिवद्धता लिइने आयोगको भनाइ छ ।


## राजविराज नगरपालिका
## ३ नं. वडा कार्यालय रा.वि.न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/१२/२०

जिल्ला सप्तरी राजविराज नगरपालिका साविक वार्ड नं. ४ हाल वार्ड नं. ३ हाल बस्ने महेन्द्र दासले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७८/१२/२० मा द.न. ३६० को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस नगरपालिका कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. ३ बस्ने उर्मिला देवी दास नाउँ दर्ताको जग्गा

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ५ क | २३५२ | ०-०-१० |

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाइन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेंकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, बृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिं कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**

## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

# पाकिस्तानी राष्ट्रपतिद्वारा संसद् विघटन, ९० दिनभित्र निर्वाचन हुने

इस्लामाबाद, २० चैत (रासस/एएनआई) ।

पाकिस्तानका राष्ट्रपति अरिफ अल्वीले संसद् विघटनको प्रस्ताव सदर गर्नुभएको छ । प्रधानमन्त्री इमरान खानको प्रस्तावलाई उहाँले आइतबार सदर गरेसँगै पाकिस्तानको संसद् विघटन भएको छ । संसद् विघटनसँगै उहाँले आगामी ९० दिनभित्र निर्वाचन गर्ने घोषणा पनि गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ । प्रधानमन्त्री खानले संसद्मा आफू विरुद्धको अविश्वास प्रस्ताव पेश गर्न उपसभामुखले अस्वीकार गरेको केही बेरमै संसद् विघटनको सिफारिस गर्नुभएको हो । विपक्षी दलले काम गर्न नदिएकाले अहिलेको संसद् विघटन गरेर निर्वाचनमा जान लागिएको उहाँले स्पष्ट पार्नुभयो । पाकिस्तानमा लामो समयदेखि विपक्षी दलले प्रधानमन्त्री खान र उहाँ नेतृत्वको सरकार विरुद्ध आन्दोलन गर्दै आएका थिए । राष्ट्रका नाममा सम्बोधन गर्दै उहाँले निर्वाचनका लागि तयारी अवस्थामा रहन आम नागरिकलाई आह्वान पनि गर्नुभएको छ । विपक्षले आफु विरुद्ध गरेको अविश्वास प्रस्तावको विरोध गर्दै उहाँले यसलाई देशमाथि गरिएको 'धोका' को संज्ञा दिनुभएको थियो । प्रधानमन्त्री खानले आफू निडर भएर स्वतन्त्र र लोकतान्त्रिक पाकिस्तानका लागि लडाइँ जारी राख्ने बताउनुभएको छ । उहाँले पाकिस्तानका युवालाई बाह्य शक्तिले गरेको षड्यन्त्रविरुद्ध आन्दोलन गर्न र आवाज उठाउन भन्दै आफू अन्तिमसम्म सत्यको पक्षमा लडिरहने बताउनुभएको छ । खानले प्रतिपक्षी दलका नेताले आफूविरुद्ध लगाएका आरोपलाई जनमतद्वारा खारेज गरिदिने चेतावनी पनि दिनुभएको छ ।

# श्रीलङ्कामा कर्फ्यु उलङ्घन गरेको आरोपमा ६६४ जना पक्राउ

कोलम्बो, २० चैत (रासस/सिन्ह्वा) ।

श्रीलङ्कामा सरकारले लागु गरेको कर्फ्यु उलङ्घन गरेको आरोपमा कम्तीमा ६६४ जनालाई गिरफ्तार गरिएको छ । स्थानीय समय अनुसार शनिबार राती १० बजेदेखि आइतबार विहान ६ बजेको विचमा देशको पश्चिमी प्रान्तबाट उनीहरुलाई गिरफ्तार गरिएको हो । सरकारले शनिबार बेलुका ६ बजेदेखि ३६ घण्टे कर्फ्यु आदेश जारी गरेको छ । कर्फ्यु लागु भएका बेला अनुमति विना हिड्डुल गर्न नपाइने भएपनि हिड्डुल गरेकाले उनीहरुलाई पक्राउ गरिएको वरिष्ठ प्रहरी निरिक्षक निहाल थाल्डुवाले जानकारी दिनुभयो ।आर्थिक संकटसँगै राष्ट्रपति र उच्च सरकारी अधिकारीहरुविरुद्ध सर्वसाधारणले आक्रोस व्यक्त गर्दै आन्दोलित भएपछि सरकारले श्रीलङ्कामा देशव्यापी सुरक्षाका लागि भन्दै संकटकालको घोषणा गरेको छ । आन्दोलनकारीहरुले राष्ट्रपति गोटाबाया राजापाक्षेको निवास घेराउ गर्नुका साथै आक्रमणको प्रयास गरेपछि उनीहरु र सुरक्षाकर्मीबीच झडप समेत भएको थियो । त्यसक्रममा प्रदर्शनकारी र सुरक्षाकर्मीहरु पनि घाइते भएका थिए । चरम आर्थिक सङ्कट भोगिरहेको श्रीलङ्कामा हिंसात्मक गतिविधिहरु बढ्न थालेकोले संकटकालको घोषणा गर्नु परेको सरकारी अधिकारीहरुले जनाएका छन् । सार्वजनिक व्यवस्थाको संरक्षण र समुदायको जीवन रक्षाका लागि आवश्यक आपूर्ति र सेवाहरुको मर्मतका लागि भन्दै आपतकालीन अवस्थाको घोषणा गरिएको सरकारले जनाएको छ ।सरकारको विरोधमा प्रदर्शन गर्नेहरुलाई नियन्त्रणमा लिएर हिरासतमा राख्न पनि आदेश जारी गरेको छ । राजधानी कोलम्बो लगायतका मुख्य सहरमा सुरक्षाकर्मीले रातको समयमा निषेधित क्षेत्र घोषणा गरेको छ । आर्थिक मन्दीसँगै अत्यधिक मूल्यवृद्धि र विद्युत आपूर्तिसमेत बन्द हुँदा सर्वसाधारण थप मारमा परेकाले उनीहरु आन्दोलित भएका हुन् । सन् १९४८ मा बेलायतको उपनिवेशबाट स्वतन्त्र भएको श्रीलङ्का पछिल्लो समय चरम आर्थिक संकटका कारण अत्यावश्यक वस्तुकोसमेत आपूर्ति गर्न नसक्दा आम सर्वसाधारण आन्दोलित भएका हुन् । अघिल्लो साता मात्र कागज किन्न नसकेको भन्दै विद्यालय तहको परीक्षा नै स्थगित भएको थियो ।

# युक्रेनी बन्दरगाहमा ६० भन्दा बढी विदेशी जहाज अवरुद्ध

रूसे (मस्को), २० चैत (रासस-एएनआई/स्पुतनिक) ।

गोलाबारी र खानीको खतराका कारण ६० भन्दाबढी विदेशी जहाज युक्रेनी बन्दरगाह छोड्न असमर्थ भएको रुसी राष्ट्रिय रक्षा नियन्त्रण केन्द्रका प्रमुख मिखाइल मिजिन्त्सेभले जनाएका छन् । "युक्रेनी बन्दरगाहमा ६० भन्दाबढी विदेशी जहाज अवरुद्ध छन् । कीभले यसको आन्तरिक जल र क्षेत्रीय समुद्रमा सिर्जना गरेको गोलाबारी र उच्च खानीको खतराले जहाजलाई सुरक्षितरूपमा बाहिर जान अनुमति दिँदैन, "मिजिन्त्सेभले शनिबारको ब्रीफिङ्गमा भनेका छन् । उनले थपे रुसी सेनाले हरेक दिन मानवीय करिडोर (युक्रेनको क्षेत्रीय पानीबाट दक्षिण-पश्चिम दिशामा सुरक्षित लेन) खुल्ला छन् तर अझै पनि युक्रेनी खानी बग्ने खतरा रहेको छ । "हामी अन्तरराष्ट्रिय सामुद्रिक संगठन र जहाज मालिकको व्यवस्थापनलाई आधिकारिक कीभलाई युक्रेनको बन्दरगाहबाट विदेशी राज्यको जहाजको बाहिर निस्कने सुरक्षालाई अवरुद्ध गर्ने र सुनिश्चित गर्ने उपाय लिनको लागि आह्वान गर्दैछौं," मिजिन्त्सेभले भने । बिहीबार रुसी रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनाशेन्कोभले युक्रेनी नौसेनाले फेब्रुअरी २५ र मार्च ४ बीचमा आजोभ सागर र ब्ल्याक सीमा ४२० वटा एङ्कर माइन राखेको बताएका छन् । तीमध्ये कम्तीमा दश खानी पश्चिमी भागमा स्वतन्त्ररूपमा बगिरहेका छन् ।

# इस्लाम धर्मावलम्बीको रमजान सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

इस्लाम धर्मावलम्बीको पवित्र महिना रमजान आइतबारदेखि सुरु भएको छ। राष्ट्रिय मदरसा सङ्घ नेपालले प्रेस विज्ञप्ति जारी गरी आजदेखि रमजानको व्रत सुरु भएको जानकारी दिएको छ।

पवित्र महिना रमजानमा इस्लाम धर्मावलम्बी रमजान ३० दिनसम्म रोजा व्रत बसी इबादत अल्लाहसँग प्रार्थना र आफूले गरेको गल्तीको पश्चाताप गरी क्षमायाचना माग्ने चलन रहिआएको राष्ट्रिय मदरसा सङ्घ नेपालका महासचिव मौलाना मशहुद खाँ नेपालीले जानकारी दिए।

रमजानमा गरिब परिवारमा दान दक्षिणा सदका जकातसमेत दिइने चलन छ। जामिया सिराजुलवलुम अलसल्फिया झण्डानगरको रमजान महिनामा रोजा बस्ने समयसरणीअनुसार यसपालि लगभग १४ घण्टा निराजल व्रत राख्नुपर्छ।

छिमेकी मित्र राष्ट्र भारतका विभिन्न सहरमा रमजान महिनाको चन्द्रदोदय देखिएका कारणले नेपालमा पनि चैत १९ गते तराबिह नमाज पढ्ने र चैत २० गतेदेखि व्रत बस्ने जानकारी राष्ट्रिय मदरसा सङ्घ नेपालले दिएको छ।

राष्ट्रिय मदरसा सङ्घ नेपालका अध्यक्ष डा अब्दुल गनी अलकुफी अनुसार नेपालमा कोभिड-१९ महामारी न्यून रहेका कारणले धार्मिक स्थल खुल्ला रहेको छ। यो पवित्र महिना रमजानको इबादत प्रार्थना गर्न मस्जिदमा पुगी इबादतका लागि अनुरोध गर्नुभएको छ।

पवित्र रमजान महिनामा इबादत गर्नाका साथसाथै आफूले वर्षभरि कमाएको हलाल रुपैयाँमा २.५ पतिशत जकात (दान) दिई गरिब परिवारलाई सहयोग गर्ने सङ्घका महासचिव खाँ नेपालीले बताए।

## प्याबशन सप्तरीद्वारा ...

सर्वसम्मत रुपमा सहयोग गर्ने निर्णय गरेको जनाइएको छ।

उक्त विज्ञप्तिमा झालाई सप्तरी जिल्लाका सम्पूर्ण प्याब्शनिष्टहरुको तर्फबाट मेयर पदका लागि उम्मेदवारीलाई उच्च सम्मान गर्दै सहयोग र साथको एक्यबद्धता जाहेर समेत गरिएको उल्लेख छ।

उपाध्यक्ष झा सिर्जना इङलिस बोर्डिङ स्कुलका संस्थापक एवं प्रिन्सिपल हुन् भने उनी प्याब्शन सप्तरीका अध्यक्ष तथा केन्द्रिय सदस्य समेत भइसकेका छन्। नेकपा एमालेबाट राजविराज नगरपालिकाको मेयर पदका लागि झाको नाम चर्चामा रहेको छ।

# सार्वजनिक यात्रुबाहक यातायातमा दश प्रतिशत भाडावृद्धि

काठमाडौँ, २० चैत (रासस)।

सरकारले एक प्रदेशबाट अर्को प्रदेशमा चल्ने लामो दूरीका यात्रुबाहक र मालबाहक सवारी सधानको यातायात भाडादरमा १० देखि १५ प्रतिशतसम्म वृद्धि गरेको छ।

पेट्रोलिमय पदार्थमा भएको निरन्तरको मूल्य वृद्धिका कारण सरकारले स्वचालित भाडा निर्धारणको अवधारणाअनुरूप भाडादर वृद्धिका लागि सैद्धान्तिक सहमति प्रदान गरेको हो।

यातायात व्यवस्था विभागका अनुसार, यात्रुवाहक सवारीमा १०, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा १३ र तराईमा सञ्चालन हुने मालवाहक सवारी साधनमा १५ प्रतिशतले भाडा वृद्धि गरिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसमेतको सहमतिका आधारमा आइतबारैदेखि लागू हुने गरी दुई वा दुईभन्दा प्रदेश भई सञ्चालन हुने सार्वजनिक यातायात भाडादर समायोजन गरिएको विभागको सूचनामा उल्लेख छ।

पछिल्लो पटक भाडा समायोजन गर्दा आधार मानिएको मूल्यको तुलनामा इन्धनको बजार मूल्य पाँच प्रतिशत वा सोभन्दा बढीले बढेमा वा घटेमा विभागले अभ्यास गर्दै आएको वैज्ञानिक भाडा समायोजन प्रणालीअनुसार स्वचालितरूपमा अन्तरप्रदेश सार्वजनिक यातायातको भाडादर बढ्ने वा घट्ने व्यवस्था लागू गरिएको छ।

विभागद्वारा जारी सूचनामा छोटो, मधयम र लामो दूरीका अन्तरप्रदेश रुटमा कायम गरिएको सार्वजनिक यातायातका भाडादर, रुटको नाम, दूरी, साविकको भाडादर र लागू गरिएको भाडादरको सूची समावेश गरिएको छ।

# सेनाको सुरक्षा घेराका बिच मतपत्र छपाइको काम

**दैनिक समाचारदाता**
**काठमाडौं, २० चैत ।**

आगामी बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि धमाधम मतपत्र छपाइको काम भइरहेको छ। जनकशिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमी भक्तपुरमा नेपाली सेनाको सुरक्षा घेराका बिच मतपत्र छपाइको काम भइरहेको हो।

मतपत्र छपाइका लागि जनकशिक्षामा निर्वाचन आयोगबाट २० जना कर्मचारी खटिएका छन्। सेनाको उच्च सुरक्षा घेराबीच धमाधम मतपत्र छपाइको काम भइरहेको जनक शिक्षाका प्रवक्ता चित्र आर्चायले जानकारी दिए।

मतपत्र छपाइको परिक्षण सकेर नमुना मतपत्र छपाई भईरहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए। नमुना मतपत्र निर्वाचन शिक्षा कार्यक्रममा प्रयोग हुने उनको भनाई छ। सोमबारदेखि भने चुनावी प्रयोजनमा प्रयोग हुने मतपत्र छपाई हुने उनले बताए। रातोपाटीबाट







## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी



## डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*